श्री

उच्च अदालत पोखरा

संयुक्त इजलास

**इजलास नं. २**

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

माननीय न्यायाधीश श्री विनोदप्रसाद शर्मा

**<u>आदेश</u>**

**विषयः उत्प्रेषण परमादेश।**

**निवेदन नं. 075-WO-0048**

नि. नं. २९७

| | |
|---|---|
| स्व. याम बहादुर रानाभाटकी श्रीमती स्याङ्जा जिल्ला साविक भाटखोला गा.वि.स. वडा नं. २ को हाल परिवर्तित ऐ. फेदीखोला गा.पा. वडा नं. ३ बस्नेमा हाल कारागार कार्यालय स्याङ्जामा थुनामा रहेकी वर्ष ३२ की श्रीमती शान्ती रानाभाट.................................................................. | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री स्याङ्जा जिल्ला अदालत, स्याङ्जा..........................................१<br>श्री तहसिल शाखा, स्याङ्जा जिल्ला अदालत..................................१<br>श्री जिल्ला प्रहरी कार्यालय, स्याङ्जा.............................................१<br>याम बहादुर रानाभाटकी श्रीमती स्याङ्जा जिल्ला फेदीखोला गा.पा. वडा नं. ३ बस्ने वर्ष ३३ की सरिता रानाभाट......................................१ | <u>प्रत्यर्थी</u><br>विपक्षी |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्रको प्रस्तुत रिट निवेदनपत्रको निवेदन माग तथ्य एवं आदेश व्यहोरा निम्न अनुसार छः-

**<u>तथ्य-खण्ड</u>**

१. **<u>रिट निवेदन बेहोराः</u>**

विपक्षी सरिता रानाभाटले मिति २०६३।८।१५ गते कान्छी श्रीमती साथमा लिइ घरमा आएकोले कारवाही गरिपाऊँ भनी मिति २०६३।११।८ मा जिल्ला प्रहरी कार्यालय स्याङ्जामा जाहेरी दरखास्त दर्ता गरी कारवाही प्रारम्भ भएको

रहेछ। सो दरखास्तबाट अनुसन्धान सुरु भै वस्तुस्थिति मुचुल्का खडा भएको र म समेतलाई पक्राउ गर्न पठाएकोमा निज याम बहादुर रानाभाट र निजको कान्छी श्रीमती गाउँघरमा नभएकोले पक्राउ गर्न नसकिएको भनी प्र.स.नी. बल बहादुर सिजालीको प्रतिवेदन परेपछि म समेतलाई सजाय गरिपाऊँ भनी दावी लिइ मिति २०६४।२।७ मा स्याङ्जा जिल्ला अदालतमा बहु-विवाह मुद्दाको अभियोग पत्र दर्तभै सो अदालतबाट जारी भएको ३० दिने म्याद मिति २०६४।२।१७ मा तामेल हुँदा म्यादवाला मानिस घरमा फेला नपरेकोले निजको घर दैलोमा टाँस भएको भनी बेरितपूर्ण म्याद तामेलीलाई आधार बनाई म समेतलाई २ वर्ष कैद र रु २०,०००।- जरिवाना गर्ने गरी मिति २०६४।७।१३ मा फैसला भएछ। सो जाहेरी पर्नु अघि २०६२ साल वैशाख देखि २०६६ साल माघ सम्म म निवेदिका भारत हर्यानामा नोकरी गरी बस्ने पति याम बहादुरसँग बसेको र फर्कि आएको यतिका वर्षसम्म हामी उपर मुद्दा परी फैसला भएको थाहा जानकारी नभएको र मिति २०७३।८।२९ मा निज पति याम बहादुरको मृत्यु भैसकेपछि मलाई अनायाश प्रहरीद्वारा पक्राउ गरी स्याङ्जा जिल्ला पुर्‍याएपछि विपक्षी अदालतको मिति २०७५।१०।१६ च.नं. १८२४ को पत्राचारले स्याङ्जा कारागारमा थुनामा रहेको अवस्था हुँदा बेरितको तामेली म्यादको आधारमा भएको फैसलाबाट अन्यायपूर्वक थुनामा रही यो निवेदन चढाएकी छु। वस्तुत : उक्त बहुविवाह मुद्दामा हाम्रो ठेगाना भाटखोला गा.वि.स. वडा नं. २ भनी उजुर जाहेरी भएकोमा अर्कै वतन कायम गरी हामी प्रतिवादीको घरद्वार नभएको अर्कै वडामा, बेरितपूर्वक म्याद तामेल गराई प्रतिवाद गर्न पाउने हकबाट निवेदिकालाई बन्चित गरी भएको कारवाही फैसलाले वैधता पाउन नसक्ने हुँदा गलत वतनमा म्याद तामेल भई भएको फैसलाबाट म अवला नारीले अनावश्यक रुपमा कैद सजाय भोग्नु पर्ने अवस्था आइपरेको हुँदा उक्त मिति २०६४।२।१७ को तामेली म्यादको आधारमा स्याङ्जा जिल्ला अदालतबाट २०६४।७।१३ मा भएको फैसला लगायतका सम्पूर्ण कार्यहरु उत्प्रेषणको आदेशद्वारा बदर गरी अब कानून बमोजिम म्याद दिई कारबाही अगाडी बढाउनु भन्ने स्याङ्जा जिल्ला अदालत समेतका नाउँमा परमादेश लगायत अन्य उपयुक्त आज्ञा आदेश वा पूर्जी जारी गरिपाऊँ र यो रिट निवेदनमा टुङ्गो नलाग्दा सम्म अदालतमा उपस्थित भई तारेखमा रहने गरी व्यवस्था गर्नू , मिलाउनु र थुना मुक्त गरिदिनु भनी विपक्षीका नाउँमा उच्च अदालत नियमावलीको नियम ४२(१) बमोजिम अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने समेत बेहोराको कारागार कार्यालय स्याङ्जामार्फत दर्ता भएको शान्ति रानाभाटको मिति २०७५।१०।२३ को रिट निवेदन।

२. **यस अदालतको आदेशः**

- यसमा के कसो भएको हो ? निवेदिकाको मागबमोजिम आदेश किन जारी गर्नु नपर्ने हो? जारी गर्नु नपर्ने कानूनसम्मत आधार र कारण भए सोसमेत खुलाई यो आदेशसहितको सूचना प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र विपक्षी नं. १, २, ३ का हकमा उच्च सरकारी वकील कार्यालय पोखरा मार्फतर विपक्षी नं. ४ का हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरुको नाउँमा सूचना/म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू र निवदेकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा छलफलको लागि मिति २०७५।१०।२९ को पेशी तोकी उक्त दिन भएका प्रमाण समेत साथै लिई आउनु भनी विपक्षीहरुसमेतलाई जानकारी गराउनु, सो छलफलका दिन सरिता रानाभाटको जाहेरीले वादी नेपाल सरकार विरुद्ध प्रतिवादी यिनै निवदेन शान्ती रानाभाटसमेत भएको ५८-०६३-००१९८ को बहुविवाह मुद्दाको मिति २०६४।७।१३ मा भएको फैसला सहितको सक्कल मिसिल स्याङ्जा जिल्ला अदालतबाट झिकाउनु भन्ने मिति २०७५।१०।२३ को यस अदालतको आदेश।
- प्रस्तुत मुद्दाको अन्तिम निर्णय हुँदा निवेदिकाले उठाएका विषयवस्तुका सम्बन्धमा निरोपण हुने नै हुँदा अन्तरिम आदेश जारी हुने अवस्था देखिएन, कानून बमोजिम गर्नू भन्ने मिति २०७५।११।५ को आदेश।

३. **लिखित जवाफको बेहोराः**

- यसमा स्याङ्जा जिल्ला अदालत स्याङ्जाको च.नं. १४५४ मिति २०७५।९।१० को पत्र साथ यस कार्यालयमा प्राप्त लगत बमोजिमको नामवली विवरणमा उल्लेखित कैद जरिवाना लागेका व्यक्तिहरुको खोजतलास गर्ने क्रममा सि.नं. ४०, लगत नं. ३८४ मा उल्लेखित निवेदिका शान्ती रानाभाटलाई यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०७५।१०।१५ मा पक्राउ गरी दाखिला गरेकोमा ऐ. १६ गते सम्मानित स्याङ्जा जिल्ला अदालतमा पेश गरिएको हो। निवेदनमा उल्लेखित व्यहोरा झुट्ठा र कपोकल्पित भएकोले खारेज गरी पाऊँ भन्ने जिल्ला प्रहरी कार्यालय स्याङ्जाको मिति २०७५।११।१० को लिखित जवाफ।
- प्रतिवादी यमबहादुर रानाभाटले घरमा श्रीमती हुँदाहुँदै दोस्रो विवाह गरेकोले साविक मुलुकी ऐन विवाहवारीको महलको ९ नं. विपरित विवाह गरेको देखिंदा फरार रहेका प्रतिवादीहरुलाई सोही महलको १० नं. बमोजिम सजाय हुन मागदावी लिइएको अभियोग पत्र। प्रतिवादी यम बहादुर रानाभाट र

प्रतिवादी शान्ति रानाभाटलाई जनही २ वर्ष कैद र रु २०,०००।- जरिवाना हुने ठहरी यस अदालतबाट मिति २०६४।७।१३ मा भएको फैसला। उक्त फैसला अनुसार सजाय पाएका प्रतिवादीहरु फरार रहेको हुँदा स्याङ्जा जिल्ला अदालतको तहसिल शाखामा लगत नं. ३८४ मा लगत कसिएका निज फरार प्रतिवादीहरुलाई पक्राउ गरी दाखिला गर्न पत्राचार गरिएकोमा जिल्ला प्रहरी कार्यालय स्याङ्जाको च.नं. १२७५ मिति २०७५।१०।१६ को पत्रसाथ निज निवेदिकालाई पक्राउ गरी यस अदालतमा उपस्थिति गराइएकोमा उक्त फैसला अनुसार प्रतिवादी शान्ति रानाभाटलाई कैद वर्ष २(दुई) र जरिवाना रु २०,०००।- लागेकोमा निजले जरिवानाको रकम समेत तिर्ने बुझाउन सक्दिन भनेकाले जरिवाना वापतका मुलुकी फौजदारी संहिता ऐन, २०७४ बमोजिम एक दिनको रु ३००।- का दरले हिसाब गरी दुई महिना छ दिन जरिवाना वापतको कैद समेत गरी जम्मा दुई वर्ष दुई महिना छ दिन लागेको कैद जरिवानाको हकमा च.नं. १८२४ मिति २०७५।१०।१६ मा प्रतिवादी शान्ति रानाभाटलाई कैदमा बस्न कैदी पुर्जि दिई स्याङ्जा जिल्ला अदालत तहसिल शाखाबाट फैसला कार्यान्वयन गर्ने सम्मको कार्य भएकोले निज निवेदिकाको संवैधानिक तथा नागरिक हकमा आघात पुर्‍याउने कार्य नगरिएको हुँदा निवेदन जिकिर खारेज गरी पाऊँ भन्ने बेहोराको स्याङ्जा जिल्ला अदालत र तहसिल फाँटको तर्फबाट पेश भएको मिति २०७५।११।१२ को लिखित जवाफ।

४. दायरी नं. ५८-०६३-००१९८ अभिलेख दर्ता नं. ५१९ को *नेपाल सरकार* वि. *याम बहादुर रानाभाट समेत* भएको बहुविवाह मुद्दाको फैसला सहितको रेकर्ड मिसिल स्याङ्जा जिल्ला अदालतबाट प्राप्त भएको देखिन्छ।

**आदेश-खण्ड**

५. उच्च अदालत नियमावली, २०७३ बमोजिम इजलाशमा पेश भएको प्रस्तुत रिट निवेदन एवं मिसिल संलग्न लिखित जवाफ तथा सुरु स्याङ्जा जिल्ला अदालतबाट प्राप्त यिनै निवेदिकालाई समेत प्रतिवादी बनाई दायर भएको बहुविवाह मुद्दाको फैसला सहितको रेकर्ड मिसिल समेत अध्ययन गरियो।

६. रिट निवेदिका शान्ति रानाभाटले प्रस्तुत निवेदनपत्रमा उक्त बहुविवाह मुद्दामा आफ्नो नाउँमा बेरितपूर्ण म्याद तामेलीका आधारमा विपक्षी जिल्ला अदालतबाट कैद जरिवाना हुने ठहराई भएको फैसला अनुसार प्रतिवाद गर्ने मौका नपाई सजाय भोग्नु परेकोले उत्प्रेषण जारी गरी उक्त विवादित तामेली म्याद र सो आधारमा भएको फैसला समेतको कारवाही बदर गरी कानून बमोजिमको प्रतिवाद गर्ने मौका प्रदान गर्न परमादेश जारी गरिपाऊँ भनी निवेदन गरेको देखियो। सो सन्दर्भमा कैद

जरिवाना लागेका व्यक्तिहरुको नामावली सहितको अदालतबाट प्राप्त लगतका आधारमा निवेदिकालाई पक्राउ गरी अदालतमा पेश गरेकोले रिट निवेदन खारेज गरिपाऊँ भनी विपक्षी जिल्ला प्रहरी कार्यालय स्याङ्जाको लिखित जवाफ भएकोमा, मिति २०६४।७।१३ मा भएको फैसला अनुसार लगत लागेका फरार प्रतिवादी पक्राउ गर्ने क्रममा निवेदिकालाई उपस्थित गराई फैसला कार्यान्वयन गरेको भन्ने सम्मको आधारमा उल्लेखित निवेदन खारेज गरिपाऊँ भन्ने सम्मको विपक्षी स्याङ्जा जिल्ला अदालतको लिखित जवाफ देखियो।

७. प्रस्तुत निवेदन जिकिरको सन्दर्भमा उपस्थित निवेदिका तर्फका विद्वान अधिवक्ता श्री मुकुन्दराज अर्यालले निवेदिकालाई सजाय ठहराई फैसला भएको बहुविवाह मुद्दाको जाहेरी दरखास्तमा प्रतिवादीहरुको घरद्वार स्याङ्जा जिल्लाको भाटखोला गा.वि.स. वडा नं.२ मा घर भएको तथ्य प्रष्ट रुपमा उल्लेख भएको र सोही वतन कायम गरी अभियोग पत्र दायर भएको स्थितिमा निवेदिकाको घरद्वार भएको ठाउँमा म्याद जारी गरी रितपूर्वक तामेल हुनुपर्नेमा, अर्कै वडामा म्याद जारी गरी मिति २०६४।२।१७ मा बेरितले तामेल गरी मुद्दा फैसला भएका कारण सुनवाइको मौका नदिई प्राकृतिक न्याय सिद्धान्त विपरितको उक्त म्याद तामेली फैसला र कैदी पूर्जि समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी सुनवाईको मौका प्रदान गर्न परमादेश जारी गरिपाऊँ भनी गर्नु भएको बहस सुनियो। त्यसैगरी, विपक्षी स्याङ्जा जिल्ला अदालत र जिल्ला प्रहरी कार्यालय स्याङ्जा तर्फबाट उपस्थित विद्वान शाखा अधिकृत श्री महेन्द्र प्रसाद अधिकारीले निवेदिकाको नाउँमा उक्त अदालतबाट रितपूर्वक म्याद जारी भै तामेल भएको र विधिपूर्वक भएको फैसला कार्यान्वयन गर्नुपर्ने विपक्षीहरुको कानूनी कर्तव्य भएकोले प्रस्तुत निवेदन खारेज गरिपाऊँ भनी गर्नु भएको बहस समेत सुनियो।

८. यसमा पेश भएका उपरोक्त मिसिलहरुको अध्ययन र बहस बुँदाहरुको मनन गरी निवेदिकाको माग अनुसार आदेश जारी हुने हो, होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

९. प्रस्तुत निवेदन पत्रको विषयमा स्याङ्जा जिल्ला भाटखोला गा.वि.स. वडा नं. २ घरद्वार भएका प्रतिवादी यामबहादुर रानाभाट तथा निजको कान्छी श्रीमती यी निवेदिका शान्ति रानाभाट उपर जिल्ला सरकारी वकील कार्यालय स्याङ्जाले विपक्षी स्याङ्जा जिल्ला अदालतमा मिति २०६४।२।७ मा बहुविवाह मुद्दाको अभियोग पत्र (नं. ५८-०६३-००१९८) दायर गरेको र सो अभियोग पत्रमा प्रतिवादीहरु हालसम्म फरार रहेकोले अदालतबाटै म्याद जारी गरी मुद्दाको कारवाही गरिपाऊँ भनी उल्लेख गरेको देखिन्छ।

१०. उक्त बहुविवाह मुद्दाको कारवाहीको क्रममा जारी भएको समाह्वान म्यादको व्यहोरा हेर्दा, प्रतिवादी याम बहादुरका नाउको समाह्वान म्यादमा स्याङ्जा जिल्ला भाटखोला गा.वि.स. वडा नं. २ हाल वडा नं. ५ ललासरी वतन उल्लेख भएको र अर्को समाह्वान म्यादमा ऐ. भाटखोला गा.वि.स. वडा नं. ५ बस्ने भनी निवेदिकाको घरद्वार रहेको ऐ. वडा नं. २ बाहेकको र निवेदिकाको लोग्ने सह-प्रतिवादी याम बहादुरको भन्दा बेग्लै प्रकृतिको वतन कायम गरी विपक्षी स्याङ्जा जिल्ला अदालतबाट मिति २०७४।२।८ मा म्याद जारी भएको देखियो।

११. प्रस्तुत निवेदन पत्रमा प्रतिवादीको घर ठेगाना भाटखोला गा.वि.स. वडा नं. २ हो भन्ने देखिइ रहेको अवस्थामा प्रतिवादीको घरै नभएको वडा नं. ५ मा म्याद जारी गर्ने र मिति २०६४।२।१७ मा अर्कै अमूक वा नाम नखुलेको व्यक्तिको घरमा बेरितले सो म्याद तामेली गराई निवेदिकालाई सो अभियोग सम्बन्धमा प्रतिवाद गर्ने हक अवसरबाट बन्चित गराई एकतर्फी रुपमा सजाय ठहराएको फैसलाले बैधता प्राप्त गर्न सक्दैन भनी मुख्य निवेदन जिकिरको सन्दर्भमा विचार गर्दा, यस्तो मुद्दामा समाह्वान तामेल गर्न पठाउँदा र तामेल गर्दा दुवै कुरामा निश्चित कानूनी प्रक्रिया बमोजिम गर्नुपर्छ भनी तत्काल प्रचलित मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको (अ.वं.) ११० नं. मा उल्लेख भएको पाइन्छ। सो अनुसार समाह्वान तामेल गर्न खटिएका सरकारी कर्मचारीले सम्बन्धित व्यक्ति फेला नपरे निजको ठेगानामा गै बुझी *घरडेरा पत्ता लगाई* त्यसको घर डेराको ढोकामा सबैले देख्ने गरी टाँस गरी रित पुर्‍याउनु पर्ने अवस्था देखिन्छ। त्यसैगरी सो बमोजिम गरिसकेपछि अड्डाले जाँच्दा *ऐनको रित नपुर्‍याई तामेली* गरी ल्याएको देखिए फेरी ऐनको रित पुर्‍याई तामेल गराउनु पर्छ भन्ने कानूनी व्यवस्था पनि उक्त अ.वं. ११० नं. को देहाय ५ मा उल्लेख छ।

१२. अब, निवेदिकाको नाउँमा जारी भै मिति २०६४।२।१७ मा तामेल भएको उपरोक्त समाह्वान म्यादको बैधताको सन्दर्भमा मिति २०६४।७।१३ को फैसला सहितको शुरु रेकर्ड मिसिल हेर्दा, मिति २०६३।११।८ को जाहेरी दरखास्तबाट कसुरदार भनिएका याम बहादुर र निजको श्रीमती यी निवेदिका प्रतिवादी शान्ति रानाभाटको घरठेगाना स्याङ्जा जिल्लाको भाटखोला गा.वि.स. वडा नं. २ कारभाङ हो र सो बाहेक निज प्रतिवादीहरुको अन्य वतन वा घरद्वार छैन भन्ने कुरा मिसिलबाट देखिन्छ। त्यसबखत निज निवेदिका शान्ति रानाभाट आफ्नो उक्त घर छाडी अन्यत्र वा अर्कै वडामा रहे बसेको भए कुन व्यक्तिको घरमा डेरा गरी रहे बसेको हो भन्ने कुरा अड्डा अदालतबाट जारी गरिने समाह्वान म्यादमा उल्लेख हुनुपर्दछ किनभने त्यस्तो समाह्वान म्याद सम्बन्धित व्यक्तिलाई तामेलदारले रित पुर्‍याई बुझाउने क्रममा, "निजको ठेगानामा गै बुझी घर डेरा पत्ता लगाई मानिस

चिनी बुझाउनु पर्छ र त्यस्तो व्यक्ति भेट भएन वा सामाह्वान बुझी लिएन भने त्यस्को घर डेराको ढोकामा टाँस गर्नुपर्छ " भन्ने मुलुकी ऐन अ.वं. ११० नं. को देहाय १ को म्याद तामेल सम्बन्धी कारवाही र प्रक्रियाको कानूनी व्यवस्था अनुसार घर वा डेरा एकिन गरी रित पुर्‍याइ काम सम्पन्न गर्नुपर्ने देखिन्छ।

१३. प्रस्तुत निवेदन पत्रसँग सम्बन्धित उक्त बहुविवाह मुद्दामा विपक्षी स्याङ्जा जिल्ला अदालतबाट जारी भई मिति २०६४।२।१७ मा तामेल भएको यी निवेदिका नाउको म्यादको तामेली व्यहोरा हेर्दा "म्याद पाउने मानिस शान्ति रानाभाट घरमा फेला नपरेकी र निजको एकाघर जहान परिवार कोही फेला नपर्दा...निजको घर दैलामा टाँस भएको... " भनी लेखिएको देखियो। तर जुन वडामा यी निवेदिकाको घरद्वार छैन त्यहाँ निजको घर दैलोमा त्यस्तो समाह्वान म्याद टाँस गर्ने सम्भावना र प्रयोजन नै देखिंदैन। अब यी निवेदिका शान्ति रानाभाटको त्यस्तो म्याद सो भाटखोला गा.वि.स. वडा नं. ५ को कुन व्यक्तिको घरमा टाँस गरी तामेल गरेको भन्ने कुरा पनि उक्त तामेली व्यहोराबाट खुल्न देखिन आएको छैन। उपरोक्त तथ्य व्यहोराबाट निवेदिका शान्ति रानाभाटको नाउँमा जारी भै मिति २०६४।२।१७ मा तामेल भएको म्यादमा मुलुकी ऐन अ.वं. ११० नं. बमोजिम अबलम्बन गर्नुपर्ने प्रक्रिया पुरा गरेको नदेखिंदा वस्तुत : कानूनको रित पुर्‍याई तामेल गरेको भन्ने अवस्था नरही त्रुटिपूर्ण तवरले म्याद तामेली गरेको देखियो।

१४. प्रस्तुत निवेदन पत्रमा, निवेदिकाको घरद्वार बाहेकको अन्यत्र ठाउँमा यसरी बेरितले तामेल गरेको म्यादलाई विपक्षी स्याङ्जा जिल्ला अदालतले मान्यता दिई भएको मिति २०६४।७।१३ को त्रुटिपूर्ण फैसलाका कारणबाट एक अवला नारीले अनावश्यक रुपमा जेल सजाय भोग्नु परेकोले सो समाह्वान म्याद र उक्त फैसला समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी मुद्दाको अभियोगमा प्रतिवाद गर्ने अवसर दिलाई स्वच्छ न्याय गरिपाऊँ भनी माग गरेको देखिन्छ। निश्चय नै प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कानूनी कारवाहीको जानकारी पाउने र निष्पक्ष अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाई हुनुपर्ने हक मौलिक हकको रुपमा नेपालको संविधानले नै प्रत्याभूत गरेको हुँदा निवेदिका शान्ति रानाभाटले पनि यो हक प्रचलन गर्न पाउनुपर्ने कुरा स्वभाविक नै देखिन्छ। "आफू विरुद्धको कारवाहीको जानकारी पाउनुपर्ने हक सर्वमान्य प्राकृतिक न्यायको सिद्धान्त पनि हो र यसलाई प्रतिवाद गर्न पाउने नैसर्गिक हकको रुपमा न्याय प्रणालीको मेरुदण्डको रुपमा हामीले स्वीकार गरी आएका पनि छौं। अभियोग लागेको व्यक्तिलाई प्रतिवाद गर्ने उचित मौका प्रदान नगरी एकतर्फी रुपमा फैसला गरिएमा स्वच्छ सुनवाईको मान्यतता प्रतिकूल हुने हुँदा यस प्रकारको अवसर नै नदिई भएको

निर्णयले कानूनी मान्यता प्राप्त गर्न नसक्ने " भनी सम्मानित सर्वोच्च अदालतबाट *झलक गुरुङ* वि. *सुनसरी जिल्ला अदालत* समेतको बन्दीप्रत्यक्षीकरण मुद्दामा (स.अ.बुलेटिन २०७५ पूर्णाङ्क ६२२ पृ. ५९) पनि यो निवेदन जिकिरलाई बल पुग्ने गरी नजिर सिद्धान्त समेत कायम भैरहेको देखिन्छ।

१५. उपरोक्त तथ्यगत, कानूनी एवं सैद्धान्तिक परिवेशमा हेर्दा, विपक्षी स्याङ्जा जिल्ला अदालतले प्रमाणको बहुविवाह मुद्दामा निवेदिका शान्ति रानाभाटको नाउँमा समाह्वान म्याद जारी गर्दा र तामेल गर्दाको अवस्थामा रितपूर्वक भए नभएको कुरा सतर्कतापूर्वक परिक्षण गर्नु पर्नेमा सो भए गरेको देखिंदैन। मिसिलबाट निवेदिकाको घरद्वार नै नभएको वडामा म्याद तामेल भएको र म्याद तामेल भएको घर कस्को हो भन्ने कुरा पनि तामेली व्यहोरामा उल्लेख नभएको समेत कारणबाट यी निवेदिकाले आफू विरुद्ध परेको उक्त मुद्दाको सूचना सहिरुपमा प्राप्त गरको र त्यसमा प्रतिवाद गर्न सक्ने स्थितिको विद्यमान थियो भनी मान्न मिल्ने देखिएन। वस्तुत: विवादित म्याद तामेली नै बेरित भएको अवस्थामा सो आधारमा निवेदिकालाई २ वर्ष कैद र रु २०,०००।- जरिवाना हुने ठहराई विपक्षी स्याङ्जा जिल्ला अदालतबाट भएको फैसला एवं त्यस्तो फैसला कार्यान्वयन हुने गरी निवेदिका शान्ति रानाभाटलाई खोजी गर्ने विपक्षी जिल्ला प्रहरी कार्यालय स्याङ्जाको काम कारवाही र कैदी पुर्जि दिई कारागारमा कैदमा राख्न पठाउने गरी श्रृखलाबद्ध रुपमा विपक्षी तहसिलदारबाट भए गरेको सबै काम कारवाहीहरु गैरकानूनी र त्रुटीपूर्ण रहेकोले अस्तित्वमा रहन नसक्ने भई बदरभागी देखिन आएको छ।

१६. अतएव, माथि प्रकरणहरुमा उल्लेखित तथ्य विश्लेषण, आधार र कारणहरुबाट निवेदिका शान्ति रानाभाटलाई प्रतिवादी बनाई विपक्षी स्याङ्जा जिल्ला अदालतमा दायर भएको मुद्दा नं. ५८-०६३-००१९८ को बहुविवाह मुद्दामा भएको मिति २०६४।२।१७ को निवेदिका शान्ति रानाभाटको नाउको तामेली म्याद र त्यस्तो तामेली म्यादलाई मान्यता दिई निज निवेदिकालाई २ वर्ष कैद र रु २०,०००।- जरिवाना हुने ठहराई मिति २०६४।७।१३ मा भएको फैसला तथा सो फैसला अनुसारको लगत नं. ३८४ को लगत र निवेदक प्रतिवादी शान्ति रानाभाटको नाउमा विपक्षी तहसिलदारले श्री कारागार कार्यालय स्याङजालाई लेखी पठाएको च.नं. १८२४ मिति २०७५।१०।१६ को कैदी पुर्जि सम्बन्धी पत्र समेत सम्पूर्ण दुषित काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ।

१७. निवेदिका शान्ति रानाभाटको नाउँको मिति २०६४।२।१७ को तामेली समाह्वान म्याद र त्यसपछिको सो सम्बन्धी सम्पूर्ण दुषित काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर भै सकेको स्थितिमा निज निवेदिकालाई कैदमा राख्न

नमिल्ने भएकोले निवेदिका शान्ति रानाभाटलाई सम्बन्धित कारागारबाट विपक्षी स्याङ्जा जिल्ला अदालतमा झिकाई उपस्थित गराई निजको नाउँमा पुन : समाह्वान म्याद तयार गरी आफ्नै रोहवरमा अदालतमै निजलाई सो बहुविवाह मुद्दाको समाह्वान म्याद बुझाई निज विरुद्धको सो अभियोग पत्रमा सम्बन्धमा बयान लगायतको कानून बमोजिमको कारवाही अघि बढाउनु भनी विपक्षी स्याङ्जा जिल्ला अदालतको नाउँमा परमादेश जारी हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल खण्ड**

यो आदेशको प्रतिलिपि र प्राप्त दायरी नं. ५८-०६३-००१९८ को प्रमाण/रेकर्ड मिसिल यो आदेश कार्यान्वयनको लागि श्री स्याङ्जा जिल्ला अदालतमा पठाउनू.....१

सरोकारवालालाई नियमानुसार नक्कल दिनू......................................................२

यो आदेश कम्प्युटरमा विधिवत अपलोड गर्नू र यो रिट निवेदनको दायरीको लगत काटी मिसिल अभिलेख शाखामा बुझाईदिनू.....................................................३

**(तेजबहादुर कार्की)**
न्यायाधीश

उक्त आदेशमा म सहमत छु।

**(विनोदप्रसाद शर्मा)**
न्यायाधीश

इजलास अधिकृतः मोहन रायमाझी

कम्प्युटर अपरेटरः सुष्मा शर्मा

***इति सम्वत २०७६ साल वैशाख २५ गते रोज ४ शुभम्.................................।***